भेरी नरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## सम्झौता पत्र

लिखितम् कर्णाली प्रदेश, भेरी नगरपालिका कार्यालय ( यस पछि प्रथम पक्ष भनिने ) र जाजरकोट उद्योग वाणिज्य संघ ( यस पछि दोश्रो पक्ष भनिने ) विच सार्वजनिक, नीजि, साझेदारी अवधारणा अनुरुप नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही भेरी नगरपालिका क्षेत्रभित्रका व्यवसायीहरुवाट व्यवसाय कर वापतको रकम असुली उपर गर्न र सम्वन्धित व्यवसायीहरुलाई कर तिर्नु पर्ने भावना अभिप्रेरित गराई अधिकतम् कर दाताहरुलाई करको दायरा भित्र ल्याई लक्ष्य अनुसार कर असुल उपर गर्ने गराउने सम्वन्धमा भेरी नगरपालिकाको २०७४ असार १० गतेको नगर सभाको निर्णयानुसार हामी दुई पक्षले निम्नानुसार शर्तहरुको पालना गर्ने गराउने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक / एक प्रति लियौं / दियौं ।

१. **सम्झौताको उद्देश्य** : भेरी नगरपालिकाका क्षेत्रभित्रका विभिन्न व्यवसायीहरुले तिर्नु पर्ने व्यवसाय कर तिर्नका लागि अभिप्रेरित गर्ने गराउने र न.पा.को कर असुलीमा वृद्धि गर्ने ।

२. **सम्झौताको अवधि** : २०७५।०४।०१ देखि २०७६ अषाढ मसान्त सम्म हुने छ । ( २०७५।०७६)

३. **शर्तहरु** :

क) भेरी नगरपालिका क्षेत्र भित्रका विभिन्न व्यवसायीहरुलाई प्रथम पक्षको कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गर्न अभिप्रेरित गराउनु पर्ने छ ।

ख) दोश्रो पक्षले मासिक वुलेटिन तथा विद्युतिय संचार माध्यमवाट व्यवसायीहरुलाई व्यवसाय कर तिर्न उत्प्रेरत गर्ने कार्य गर्नु पर्ने छ ।

ग) व्यवसाय कर बापत प्रथम पक्षले ऐन नियम अनुसार अवलम्वन गर्ने नीति तथा कार्यक्रम भेरी नगरपालिका भित्रका व्यवसायीहरुलाई जानकारी गराउने कर्तव्य समेत दोश्रो पक्षको हुने छ ।

घ) व्यवसाय करको वक्यौता रकम उठाउनका लागि दोश्रो पक्षले अवाश्यक भुमिका निर्वाह गर्ने छ ।

ङ) व्यवसाय कर असुल सरल तवरले रकम उठाउनका लागि दोश्रो पक्षले आवश्यक भुमिका निर्वाह गर्ने छ ।

च) व्यवसाय कर असुलीलाई व्यवस्थित गर्न प्रथम पक्षको तर्फवाट २ जना र दोश्रो पक्षको तर्फवाट ३ जना भएको एक राजश्व संकलन तथा परिचालन समिति गठन गरिने छ ।

छ) शर्त नं २ वुदा (च) मा उल्लेख गरिएको समितिको प्रत्येक महिनामा अनिवार्य रुपमा वैठक वसी कर असुलीको समिक्षा एवं कर असुलीको योजना तय गर्ने छ ।

भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

ज) आफ्ना सदस्य व्यवसायीहरुलाई उत्साह र सकारात्मक भावनामा वृद्धि गराई सहयोग गरी दिए वापत प्रथम पक्षले व्यवसाय कर वापत असुल भएको सम्पूर्ण रकमको ३० प्रतिशतले हुन आउने रकम दोश्रो पक्षलाई दिने छ र सो रकम सि.सि.टि.भि. क्यामरा जडान, मर्मत, व्यवसाय प्रवर्द्धन तथा सामाजिक पूर्वाधार विकास कार्यक्रम लगायत ( प्रशासनिक खर्च वाहेक ) का शिर्षकहरुमा खर्च गर्नु पर्ने छ ।

झ) यो सम्झौता लागु भएको एक वर्ष पछि यसलाई पुनः मुल्याङ्कन गरी दुवै पक्षको आपसी सहमतिमा सम्झौताका शर्तहरु परिमार्जन गर्न सकिने छ ।

ञ) यो सम्झौता पत्र तथा व्यवसाय कर सम्वन्धमा कुनै विवाद तथा कठिनाई उत्पन्न भएमा दुवै पक्षको छलफल र आपसी सहमति अनुसार समस्याको समाधान गरिने छ ।

ट) कर संकलनको क्रममा दुवै पक्षवाट परिचालन भएका जनशक्तिलाई प्रोत्साहन खर्च तथा खाजा खर्च स्वरुप उद्योग वाणिज्य संघ जाजरकोले दिने व्यवस्था मिलाउनु पर्ने छ ।

ठ) अभियानको स्वरुप गरिने प्रचार प्रसारको खर्च विल अनुसार उठेको रकम आधा आधा संयुक्त रुपमा खर्च व्यहोर्नु पर्ने छ ।

ड) माथिका शर्त उल्लेख नभएका तर कार्यान्वयनका क्रममा आवश्यक अन्य केही कानूनी प्रावधानहरुका हकमा स्थानीय सरकार संचालन ऐन,२०७४ मा उल्लेख भए अनुसार हुने छ।

ढ) दायित्व र क्षतिपूर्ति : सम्झौताका पक्षहरुको दायित्व र क्षतिपूर्ति सम्वन्धमा विद्यमान करार ऐन २०५६, मुलुकी ऐन, २०७५ देवानी सहिता वमोजिम आ आफ्नो दायित्व र क्षतिपूर्ति वहन गर्न हामी दुवै पक्ष मञ्जुर छौं ।

ण) अन्य कुराहरु : यो सम्झौता पत्र सम्झौता गर्ने हामी दुवै पक्ष निम्न लिखित सांक्षिहरुको उपस्थितिमा प्रथम पक्षको कार्यालयमा वसी तयार गरी सहीछाप समेत गरी एक एक प्रति लियौं दियौं ।

प्रथम पक्षको तर्फवाट
दस्तखत :
नामथर : डिल्लीराज वेल्वासे
पद : प्रमुख प्रशासकिय अधिकृत
मिति २०७४।०५।०१

प्रमुख प्रशासकीय अधिकृत
भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७२

दोश्रो पक्षको तर्फवाट
दस्तखत
नाम थर : कर्ण वहादुर खत्री
पद : अध्यक्ष
मिति : २०७४।०५।०१

साँक्षी
नामथर : सुदिपराज सुनार
पद : लेखा अधिकृत

साँक्षी
नामथर ईश्वर खत्री
पद : सचिव

कार्यालयको छाप

उद्योग वाणिज्य संघको छाप

जाजरकोट उद्योग वाणिज्य संघ
स्था : २०५९